नरहरिनाथ गाउँपालिकाले गाउँसभा तथा गाउँकार्यपालिकाको बैठकले आर्थिक अनुदान छुट्याएको रकमबाट अनुदान प्रदान गर्ने नरहरिनाथ गाउँपालिकाले दिएको अनुदान तलव भत्ता तथा सेवा सुविधा प्रशासनिक खर्च आयआर्जनको काम तथा सामाजिक क्षेत्रको उपलब्धीजन्य काम गर्न पाउने छ ।

**१२.** (१) आर्थिक सहायता आर्थिक सहायताको व्यवस्थापन नरहरिनाथ गाउँपालिकाले गर्ने छ सो कोषमा गाउँपालिका प्रदेश सँघ र अन्य दातृ निकायबाट रकम जम्मा गरिनेछ । उक्त रकम प्राकृतिक तथा गैर प्राकृतिक विपद्, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दिर्घरोगीलाई राहत स्वरुप प्रदान गरिनेछ ।

२. नरहरिनाथ गाउँपालिकाले उपलब्ध गराएको रकम आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम खर्च गरिने छ ।

**१३. बैठक तथा भ्रमण खर्च**

१. नरहरिनाथ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीको बैठक तथा भ्रमण खर्च नियमानुसार गाउँपालिका भन्दा बाहिर र गाउँपालिका भित्र उपलब्ध गराउने छ ।

२. पदाधिकारी तथा कर्मचारीको बैठक तथा भ्रमण भत्ता उपलब्ध गराउदा निर्देशिका २०७६ मा तयार गरि निर्देशिकाले तोके अनुसार उपलब्ध गराउने छ ।

**१४ कर्मचारी नियुक्ति**

१. नरहरिनाथ गाउँपालिकामा करार कर्मचारीको आवश्यक भएमा करारमा कर्मचारी नियुक्ति गर्न सकिने छ ।

२. करारमा कर्मचारी नियुक्ति गर्दा कर्मचारी सेवा नियमावली ऐन २०७४ बमोजिम हुने छ ।

